**Prithvi Wangmaya**
(A Peer-Reviewed & NepJOL Indexed Journal)
Vol. 15, 2025 (Print ISSN: 2565-490X)
Email: rmc.nepali@pncampus.edu.np
URL: https://ejournals.pncampus.edu.np/ejournals/pw/

Department of Nepali
Tribhuvan University
Prithvi Narayan Campus
Pokhara, Nepal

# भवानी भिक्षुको "हारजित" कथामा लैङ्गिकता

## (Sexuality in the Short Story "Defeat into Victory")

**डा. विष्णुप्रसाद शर्मा (Dr. Bishnu Prasad Sharma)**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
(Department of Nepali Education, Prithvi Narayan Campus, Pokhara)

**Article History:**
Received 14 June 2025, Reviewed 12 July 2025, Acceped 10 September 2025
**Corresponding Author:**
Bishnu Prasad Sharma; Email: sharmabp997@gmail.com
DOI : https://doi.org/10.3126/pw.v15i1.85729

**सार (Abstract)**

लैङ्गिक साहित्य सिद्धान्तका क्षेत्रमा आधारित प्रस्तुत अध्ययनमा भवानी भिक्षुद्वारा लिखित हारजित कथाको लैङ्गिक विश्लेषण गरिएको छ । निर्दिष्ट कथालाई लैङ्गिक अध्ययनका आधारअन्तर्गत नारीवाद, पुलिङ्गता, सामाजिक लिङ्गभेद, तथा पितृसत्ता र शरीर राजनीतिका कोणबाट अध्ययन गर्नु प्रस्तुत अध्ययनको उद्देश्य हो । अध्ययनमा गुणात्मक विधि, व्याख्यावादी दृष्टिकोण, लैङ्गिक सिद्धान्त र पाठ विश्लेषणको ढाँचालाई आधार बनाइएको छ । यसका लागि पुस्तकालय कार्यमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतबाट आवश्यक तथ्य सङ्कलन गरिएको छ । तथ्यलाई लैङ्गिक अध्ययनका आधारमा केन्द्रित रही विश्लेषण र छलफल गरिएको छ । पूर्व अध्येतासँग संवाद गर्दै साक्ष्यद्वारा प्राज्ञिक जिज्ञासाको खोजी गरिएको छ । अध्ययनमा तर्कलाई लम्बीय र क्षितिजीय आधारमा प्रस्तुत गरिएको छ । प्राप्त तथ्यका आधारमा कथामा महतिनी, सोनवा, रतियाजस्ता नारीहरूको पहिचान र प्रतिनिधित्व भए पनि उनीहरूका आवाज सशक्त बन्न सकेका छैनन् । अलगुवा महतोको गोज्याङ्ग्रो छोराले पनि आफ्नो पहिचान र आवाजलाई सचेत रूपमा उपयोग गर्न सकेको देखिँदैन । कथामा पितृसत्ता र सामाजिक लिङ्गभेदको अवस्था प्रबल देखिन्छ । कथामा पुरुष मात्र होइन, महतिनीजस्ता नारीहरूमा पनि पितृसत्ता र सामाजिक लिङ्गभेदको प्रभाव पाइन्छ । कथामा रतिया र सोनवामा शरीर राजनीतिको प्रवेश भए पनि त्यस भावनाले सम्मान पाउन सकेको छैन । यसर्थ हारजित कथा लैङ्गिक अध्ययनका दृष्टिले सफल देखिन्छ ।

*Copyright 2025 © The auther/s. This work is licensed under a* Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.

(Drawing insights from the gender studies, this paper aims to analyze Bhawani Bhikshu's short story "Defeat into Victory" from the feminist perspective. In this analysis, the paper considers feminism, gender inequality, and body politics as its theoretical insights. The study adopts qualitative research design, using both primary and secondary sources. The text has been analyzed and discussed, highlighting on the insights of gender studies. To identify the study's issue, past studies have been analyzed and discussed in the paper. Based on the collected information, the identity of women like Mahatini, Sonawa and Ratiya are represented in the narrative though their voices are not clearly heard. Similarly, the slow-witted son of Alguwa Mahato has not shown his identity and voice in a proper way. In the story, there are impacts of patriarchy and gender inequality on the character of Mahatini. Although there is body politics in the characters of Ratiya and Sonawa, it is not discussed sufficiently. Therefore, this narrative is successful from the feminist perspective.)

**शब्दकुञ्जी** (Keywords): नारीवाद, लिङ्गभेद, लैङ्गिकता, पुलिङ्गता (Feminism, gender inequality, sexuality, masculinity)

## विषयपरिचय

परिवार तथा समाजले महिला र पुरुषलाई हेर्ने दृष्टिकोणका आधारमा लैङ्गिक अध्ययनको अवधारणा आएको पाइन्छ । लिङ्ग र लैङ्गिकता भिन्न अवधारणा हुन् । लिङ्ग अर्थात् सेक्स मानिसको शारीरिक संरचनासँग सम्बन्धित हुन्छ भने लैङ्गिकता अर्थात् जेन्डर सामाजिक सांस्कृतिक संरचना अर्थात् भूमिकामा आधारित हुन्छ । यसमा महिला, पुरुष तथा अन्य लिङ्गीले गर्ने क्रियाकलाप तथा व्यवहारको अध्ययन गरिन्छ । लैङ्गिकता लैङ्गिक अभिमुखीकरण तथा पहिचानसँग सम्बन्धित विषय हो (साउद, २०७०, पृ. १९५) । यो महिला र पुरुषलाई समाजले निर्धारण गरेको भूमिकासँग सम्बन्धित हुन्छ । यही लैङ्गिकतासम्बन्धी साहित्य सिद्धान्त तथा समालोचना पद्धति लैङ्गिक अध्ययन हो । लैङ्गिक अध्ययनका विषय समकालीन समाजका पुरुष, महिला, तेस्रो लिङ्गी, राज्यको लैङ्गिक नीति, पितृसत्ता, समलैङ्गिक, विषमलैङ्गिक आदि हुन् । यस आधारमा लैङ्गिक अध्ययनको मूल स्वरूप राजनीतिक हुन्छ र यही आधारमा समाजमा महिला र पुरुषको भूमिका निर्धारण हुन्छ (भट्टराई, २०६८, पृ.२६०) । लैङ्गिक अध्ययनमा समाजमा महिला र पुरुषको अवस्था, लैङ्गिक विभेदका कारणलगायत पक्षको खोजी साहित्यिक कृतिका माध्यमबाट गरिन्छ ।

भवानी भिक्षु (१९७१-२०३८) मूलतः नेपाली भाषा, साहित्यका कथा, कविता र उपन्यास विधामा सफल देखिन्छन् । भिक्षुका *गुनकेसरी* (२०१६), *मैयासाहेब* (२०१७), *आवर्त* (२०२४), *अवान्तर* (२०३४) गरी चारवटा कथासङ्ग्रह प्रकाशित छन् । २०१५ सालमा लेखिएको र *मैयाँसाहेब* (२०१७) कथासङ्ग्रहमा सङ्कलित हारजित कथामा लैङ्गिक विषय समेटिएको देखिन्छ । प्रस्तुत अध्ययनपूर्व भवानी भिक्षुका कथासङ्ग्रहमा केन्द्रित भएर सीमान्तीय, मनोवैज्ञानिक तथा यथार्थवादी कोणबाट अध्ययन भएको पाइन्छ । पौडेल (२०५८) ले हारजित कथालाई कथातत्त्वका कोणबाट अध्ययन गरेका छन् । भट्टराई (२०६८), पाण्डे (२०६९), उप्रेती (२०६९) तथा ढकाल (२०७०) ले पनि भिक्षुका अन्य कथा र उपन्यास कृतिमा केन्द्रित भई लैङ्गिक अध्ययन गरेका छन् । यसैगरी दाहाल (२०७३), शर्मा (२०७८) तथा नेपाली (२०८०) ले पनि लैङ्गिक अध्ययनका सैद्धान्तिक र प्रायोगिक

पक्षमा केन्द्रित भई अध्ययन गरेका छन् । यसो भए तापनि भिक्षुको हारजित कथामा केन्द्रित भई लैङ्गिक अध्ययन गरिएको पाइँदैन । यसबाट प्रस्तुत अध्ययनको रिक्तता र औचित्य देखिन्छ । अध्ययनमा लैङ्गिक अध्ययनका विषय (नारीवाद, पितृसत्ता, पुलिङ्गता र सामाजिक लिङ्गभेद तथा शरीर राजनीतिलाई आधार बनाइएको छ । अध्ययनबाट हारजित कथाका लैङ्गिक पक्षहरूको अवस्था पहिचान गर्न मद्दत पुग्ने भएकाले अध्ययनको महत्त्व देखिन्छ ।

## अनुसन्धानात्मक समस्या र उद्देश्यकथन

हारजित कथामा कथाकारले नेपालको पश्चिम तराईको सामाजिक जनजीवनको चित्रण गरेका छन् । कथामा मूलतः ग्रामीण समाजको सामाजिक समस्यालाई कथावस्तु बनाइएको छ । कथ्य विषयभित्र लैङ्गिक पक्षको चित्रण कसरी भएको छ भन्ने तथ्य खोजमूलक देखिन्छ । यसमा अलगुवा महतो, मनोहर महतो, तयफवाजस्ता पात्रको प्रतिनिधित्व कस्तो छ, साथै सोनवा, रतियाजस्ता नारी पात्रहरू सामाजिक, सांस्कृतिक अवस्थाबाट कसरी प्रभावित भएका देखिन्छन् भन्ने विषयको अध्ययन आवश्यक देखिन्छ । कथामा लैङ्गिक विभेदको अवस्था कस्तो छ, कथामा लैङ्गिक भाषाको प्रयोग कसरी भएको छ, जस्ता सन्दर्भको खोजी गर्न सान्दर्भिक देखिन्छ । यसैगरी शरीर राजनीति, सामाजिक लिङ्गभेद, पुलिङ्गता, नारीवादजस्ता विषयहरू कथामा कसरी उपयोग भएका छन्, कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचानको अवस्था कस्तो छ भन्ने जिज्ञासा टड्कारो बनेको छ । हारजित कथामा लैङ्गिकता पाइन्छ भन्नु प्रस्तुत अनुसन्धानको दाबी हो । यिनै समस्याकथन र अध्ययनीय दाबीमा केन्द्रित प्रस्तुत अनुसन्धानका उद्देश्य यस प्रकार छन् :

क) हारजित कथामा नारीवाद, पितृसत्ता र पुलिङ्गताको उपयोग अवस्था केलाउनु,
ख) उक्त कथामा प्रयुक्त सामाजिक लिङ्गभेद र शरीर राजनीति पक्षको खोजी गर्नु ।

## सैद्धान्तिक आधार

लैङ्गिक अध्ययन साहित्य, समालोचनाको नवीन अवधारणा हो । साहित्यका सन्दर्भमा लैङ्गिक अध्ययन मूलतः नारीहरू र तेस्रो लिङ्गीको अध्ययनमा केन्द्रित छ तापनि यसले पुरुष वर्गका भावना र समस्याको पनि अध्ययन गर्छ । लैङ्गिकता (जेन्डर) प्राकृतिक लिङ्ग (सेक्स) नभएर समाज, संस्कृति र वातावरणबाट निर्मित पुरुष, महिला र तेस्रो लिङ्गीसम्बन्धी व्यवहार र धारणा हो । लैङ्गिकता समाजभित्र सामाजिक सांस्कृतिक एकाइद्वारा महिला, पुरुष र तेस्रोलिङ्गीले सम्पादन गर्न निर्धारण गरेको काम कर्तव्य र जिम्मेवारी हो । यसको अवधारणा विभेदकारी अमानवीय संस्कृतिबाट मानव समाजलाई पूरै ब्यउँझाई समानताको संस्कृतितर्फ अनुरक्त पार्ने प्रयास हो (पाण्डे, २०६९, पृ. २२१) । यसले लैङ्गिक समानताको वकालत गर्छ ।

लैङ्गिक अध्ययनको परम्परा मूलतः नारीवादी अध्ययनकै केन्द्रीयतामा अघि बढेको देखिन्छ । पितृसत्ताको विरोध र नारी हक, अधिकारका बारेमा गरिएका केही प्रारम्भिक अध्ययनहरूमा मेरीउल्स्टन क्राफ्टको *अ भेन्डिकेसन अफ द राइट अफ वुमन* (सन् १९७२), स्टुवर्ड मिलको *द सब्जेक्सन अफ वुमन* (सन् १९८९), फेडरिक बेबेलको *वुमन इन द पास्ट, प्रिजेन्ट एन्ड फ्युचर* (सन् १८८३), एङ्गेल्सको *परिवार निजी सम्पत्ति र राज्यको उत्पत्ति* (सन् १८८४) जस्ता कृति महत्त्वपूर्ण छन् (पौडेल, २०६९, पृ.१५-३६) । यस्ता कृतिहरूमा महिला पुरुषबिच समविकासको अवधारणा अघि सारिएको छ। यसैगरी लैङ्गिक अध्ययन तथा नारीवादका क्षेत्रमा फ्रान्सेली

लेखिका सिमोन द बुभाको *द सेकेन्ड सेक्स* (सन् १९४९) कृति महत्त्वपूर्ण छ। उनले महिलाहरू जन्मिँदैनन्, बरु उनीहरूलाई हाम्रो सामाजिक, सांस्कृतिक मान्यताद्वारा महिला बनाइन्छ भन्ने बौद्धिक र प्राज्ञिक तर्क अघि सारेकी छन् (शर्मा, २०७८, पृ. ४१)। यस क्षेत्रमा जुलिया क्रिस्टेभा, लकानलगायतको उत्तरसंरचनावादी तथा नवमनोविश्लेषणात्मक नारीवादी एवम् लैङ्गिक आन्दोलनको परिणामस्वरूप सन् १९५० को दशकपछि लैङ्गिक विकासको अवधारणा सुरु भएको (त्रिपाठी, सन् २०१३, पृ. ७४), (भुसाल, २०७६, पृ. ३७०) पाइन्छ। यस अवधारणाले महिला तथा तेस्रोलिङ्गीलाई माथि उठाउन प्रयास गरेको छ।

लैङ्गिक अध्ययनको विकासमा जुडिथ बटलर, लरेन बरलान्ट, मिसेल फुको, बेट्टी फ्राइडनलगायतको योगदान पनि महत्त्वपूर्ण देखिन्छ। अमेरिकाली नारीवादी बेट्टी फ्राइडनको *द फेमिनियन मिस्टेक* कृतिमा महिला स्वतन्त्रता र समानताका पक्षमा आवाज उठाइएको छ। यसबाट शरीर राजनीतिको अवधारणा स्थापित भई पितृसत्ताको अन्त्य गर्ने मान्यता विकसित भएको देखिन्छ (शर्मा, २०७८, पृ. ४२)। समकालीन समाजमा सीमान्तकृत वर्गका पुरुष, महिला र तेस्रोलिङ्गी तथा अल्पसङ्ख्यकको पहिचान, प्रतिनिधित्व र आवाजको खोजी लैङ्गिक अध्ययनअन्तर्गत रही विभिन्न तह र अवस्थामा हुने गरेको छ। अझ यसले प्रचलित पुरुषत्व र नारीत्वसम्बन्धी विरोधाभाषी अवधारणालाई चुनौती दिँदै मानव स्वेच्छाको क्षेत्र बृहत् र परिवर्तनशील हुन्छ भन्ने कुरा स्वीकारेको छ (उप्रेती, २०६९, पृ. २५०)। लैङ्गिक अध्ययनको यही विविधता र सांस्कृतिकताका कारण यस अध्ययनलाई अहिले सांस्कृतिक अध्ययनको मुख्य विषयका रूपमा हेरिएको छ। लैङ्गिकताको अध्ययनले समावेशी समाजका निम्ति व्यक्ति र समाजको ध्यान केन्द्रित गर्दछ। लैङ्गिक अध्ययनसँग सम्बन्धित यही सैद्धान्तिक आधारमा प्रस्तुत अध्ययनमा मूलतः नारीवाद, पितृसत्ता, सामाजिक लिङ्गभेद, शरीर राजनीतिजस्ता प्रतिमानमा आधारित रहेर कथाको चर्चा गरिएको छ।

## अनुसन्धान विधि तथा प्रक्रिया

प्रस्तुत अनुसन्धान गुणात्मक विधिमा आधारित छ। यसका लागि व्याख्यावादी दर्शन, पाठ विश्लेषणको ढाँचा र लैङ्गिक अध्ययनको सिद्धान्तलाई आधार बनाइएको छ। अनुसन्धानको दार्शनिक दृष्टिकोण तथा तथ्याङ्क सङ्कलन र विश्लेषणका विधिलाई निम्नलिखित रूपमा स्पष्ट पारिएको छ :

### *दार्शनिक दृष्टिकोण*

प्रस्तुत अनुसन्धान बहुल सत्यमा आधारित छ। हारजित कथालाई विभिन्न कोणबाट हेर्न सकिने भए तापनि यस अनुसन्धानमा लैङ्गिक कोणबाट निरूपण गरिएको छ। यसर्थ कथामा लैङ्गिक पक्षको खोजीलाई अनुसन्धानमा सत्यका रूपमा लिइएको छ। लैङ्गिकताको खोजीका लागि लैङ्गिक सिद्धान्त र हारजित कथा तथा द्वितीयक स्रोतका सामग्रीलाई ज्ञानको आधार मानिएको छ। यसैगरी लैङ्गिक पक्षलाई सहयोग पुऱ्याउने सूचनालाई मूल्य मानिएको छ। यस्तो मूल्य अनुसन्धानमा निष्कर्षमा सापेक्षता वा उपयोगितावादी रूपमा आएको छ। यस प्रकारको मूल्य विषयगत रहेको छ।

### *तथ्याङ्क सङ्कलन र विश्लेषणका आधार*

प्रस्तुत अनुसन्धान गुणात्मक विधि र पाठ विश्लेषणका ढाँचामा आधारित भएका कारण अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्न प्राथमिक र द्वितीयक स्रोतका सामग्रीलाई आधार बनाइएको

छ। प्राथमिक स्रोतका रूपमा भवानी भिक्षुको हारजित कथालाई लिइएको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा अनुसन्धानमूलक लेख, सन्दर्भ पुस्तक र सैद्धान्तिक सामग्रीलाई आधार बनाइएको छ। यसर्थ अनुसन्धानमा तथ्याङ्क सङ्कलनका लागि मूलतः पुस्तकालय कार्यको उपयोग गरिएको छ। यसैगरी प्राप्त सूचनालाई लैङ्गिक अध्ययनका आधारमा विश्लेषण गरिएको छ। यस्ता आधार वा प्रतिमानहरू नारीवाद, पितृसत्ता, शरीर राजनीति, सामाजिक लिङ्गभेद रहेका छन्। अनुसन्धानलाई व्याख्यावादी दृष्टिकोणका आधारमा तथ्यको शाब्दिक व्याख्या, विश्लेषण गरी प्राप्त नतिजाको छलफलका साथ निष्कर्षमा पुगिएको छ।

## नतिजा र छलफल

लैङ्गिक अध्ययन उत्तरवर्ती साहित्य तथा समालोचनाका क्षेत्रमा देखिएको नवीन अवधारणा हो। पुरुष, महिला तथा अन्य लिङ्गीका समान क्षमता र सामर्थ्य छन् भन्दै परम्परागत पितृसत्ता तथा तेस्रो लिङ्गीप्रतिको दृष्टिकोणको अन्त्य गरी समलैङ्गिक भावनाको विकासमा लैङ्गिक अध्ययनले जोड दिन्छ (शर्मा, २०७८, पृ. ४३)। लैङ्गिक अध्ययनभित्र समेटिने विषयहरूमा नारीवाद, पितृसत्ता, सामाजिक लिङ्ग, पुलिङ्गता, सामाजिक लिङ्गभेद, शरीर राजनीति, लैङ्गिक भाषा आदि रहेका छन्। यिनीहरूमध्ये हारजित कथाको सन्दर्भ र विषय क्षेत्रअनुसार हारजित कथालाई लैङ्गिक अध्ययनका निम्न विषय क्षेत्रमा आधारित भई अध्ययन र छलफल गरिएको छ :

### *नारीवाद*

नारीवाद महिलासम्बन्धी विचार दर्शन र राजनीति हो। यसले नारीलाई केन्द्रमा केन्द्र बनाएर नारी हक, अधिकार, स्वतन्त्रता र न्यायका पक्षमा बोल्ने लेख्ने कार्य गर्दछ। लैङ्गिक अध्ययनको सांस्कृतिक पक्षभित्र पर्ने नारीवादले नारीमाथि हुने सबै प्रकारका शोषण र थिचोमिचोका विरुद्धमा आवाज उठाउँछ। यसका उदार नारीवाद, समाजवादी नारीवाद, मार्क्सवादी नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, आमूल नारीवाद, पर्यावरणीय नारीवाद, उत्तर संरचनावादी नारीवाद, उत्तर आधुनिकतावादी नारीवाद (पौडेल, २०७९, पृ. ६४-७७) जस्ता विविध स्वरूप देखिएका छन्। समाजमा देखिने वर्ग, लिङ्ग, जाति, भूगोल विशेषका कारण नारीवादलाई एउटै परिभाषाबाट हेर्न सकिँदैन। नारीवादले पितृसत्तात्मक प्रभुताको विरोध गर्दै नारी पहिचान, प्रतिनिधित्व, आवाज र समानताका लागि सङ्घर्ष गर्छ। यसले समाजमा महिलाको अवस्थाको परीक्षण गर्छ र तिनका रुचिको विश्लेषण गर्छ (भट्टराई, २०६८, पृ. २६५)। नारीवादले नारीलाई मुक्ति दिन, पुरुषसरह स्वतन्त्रताका पक्षमा उभ्याउन तथा नारी सशक्तीकरणका लागि सशक्त आवाज उठाउन सहयोग गर्छ।

हारजित कथामा नेपालको पश्चिम तराईको जनजीवनलाई प्रस्तुत गरिएको छ। *मैयासाहेब* कथासङ्ग्रह (२०१७) मा सङ्कलित प्रस्तुत कथामा तत्कालीन नेपालको सामाजिक सांस्कृतिक परिवेशको चित्रण गरिएको छ। लैङ्गिक आधारमध्ये नारीवादी कोणबाट कथालाई हेर्दा कथामा नारीहरू आफ्नो हक, अधिकार रक्षाका लागि सङ्घर्ष गरेका देखिँदैनन्। बरु यहाँका महतिनीलगायत नारीहरू पुरुषवादी चिन्तनमा आधारित छन्। घरमा बुहारीलाई काममा लगाउनुपर्छ। घर बाहिर निस्कन दिनु हुँदैन। यसो भएमा आफ्नो इज्जत जान्छ भन्ने चिन्तन उनीहरूमा देखिन्छ। यस तथ्यलाई प्रस्तुत साक्ष्यले स्पष्ट पारेको छ :

> दिदी ! यस्ती दीदाकी दब्बर अझसम्म गाउँमा कुनै बहुरिया आएकी थिइन। हुन त,

संसारमा हावा बयार (वायु) नलागेको रुख त कुन होला तैपनि आँखाओत पहाड, तर यसरी सारा गाउँको छातीमा मुङ दल्ने यो सोनवा छुच्ची नै हो । मान्दछु, लोग्ने गोज्याङ्ग्रो छ, गाँजा खाएको नशामा कहिलेकाहीँ पिट्छ तर हामीले पनि आआफ्नो मरद, सासु, ससुरालाई कम्ती सहेर गृहस्थी चलाएका छैनौँ । बैंस छँदा यो त भइनै रहन्छ, दिदी होइन ? (भिक्षु, २०५७, पृ. ४४)

यहाँ दिइएको साक्ष्यले तयफवाले महतिनीसँग गरेको कुरालाई सङ्केत गरेको छ । यस वाक्यमा लोग्नेले स्वास्नीलाई नशाको तालमा कुटपिट गरे पनि सहनुपर्छ । यदि श्रीमानको प्रतिवाद गरे समाज र परिवारको इज्जत रहँदैन भन्ने कुरालाई देखाइएको छ ।

घुरहु महतोले पनि आफ्नो प्रतिष्ठाका लागि आफ्नै छोरीको विचार नबुझी रतियालाई आफ्नो निर्णयअनुसार मनोहर महतोको घरमा मजुरीका लागि पठाउँछ । यसबाट पनि महिलामाथि कसरी घर, परिवार र समाजमा हिंसा हुन्छ भन्ने कुरा स्पष्ट देखिन्छ ।

कथामा अलगुवाकी बुहारी सोनवा लोग्नेको पिटाइका कारण मनोहर महतोका घरमा शरण लिन पुगेकी छ । यसबाट सोनवामा आफ्नो अस्तित्व रक्षा र नारी हक, अधिकारका लागि आंशिक सचेतता आएको देखिन्छ । यो सन्दर्भ वा घटना सोनवाको भित्री मनबाट आफ्नो अधिकारका लागि नभई गज्याङ्ग्रो लोग्नेबाट ज्यान जोगाउनका लागि मात्र भए पनि मनोहर महतोका घरमा शरण लिन पुगेको देखिन्छ ( पौडेल, २०५८, पृ.२१८) । यस घटनाबाट नारीहरू बिस्तारै आफ्नो अस्तित्व र अधिकारका लागि उठ्न थालेको पुष्टि हुन्छ ।

***पितृसत्ता***

पुरुष वा पिताको अधिकार हुने सत्ता वा राज्य पितृसत्ता हो । यसमा व्यक्ति संस्था र त्यसको ऐतिहासिक पुरुष प्रतिबिम्बनले महिलामाथि दमन र शोषण गरिरहेको हुन्छ । पितृसत्ता जीववैज्ञानिक नभएर हाम्रो समाज संस्कृतिले निर्माण गरेको व्यवस्था हो । पितृसत्ता एउटा संरचना हो, जसमा पुरुषले महिलामाथि संस्थागत रूपमा दमन गरिरहेको हुन्छ (शर्मा, २०७८, पृ. ४४) । पितृसत्ता पुरुषद्वारा मात्र सञ्चालित नभई महिलाद्वारा पनि सञ्चालित हुन्छ । सासुले बुहारीलाई दमन गर्ने, सासुले विवाहमा बढी दाइजो खोज्ने पितृसत्ताका उपज हुन् । पितृसत्तालाई समाजमा यसरी संस्थागत गरिएको हुन्छ कि आफूले दमन गरेको स्वयंलाई बोध हुँदैन (पौडेल, २०५९, पृ. ७) । यस्ता संरचना वा व्यवस्था लुई अल्थुसरको विचारधारात्मक संयन्त्रको अवधारणाका रूपमा संस्थागत भएको हुन्छ ।

पितृसत्तालाई सामाजिक, सांस्कृतिक तथा राजनीतिक सन्दर्भबाट नै अन्त्य गर्न सकिन्छ भन्ने मान्यता नारीवादको छ । महिलाको श्रमशक्तिको शोषण, प्रजनन अधिकार, नारी लैङ्गिकता र अधिकार, सम्पत्तिमाथिको पहुँचजस्ता कुराले पितृसत्ता बलियो बनेको हुँदा महिलामाथि हुने यस प्रकारका दमनको अन्त्य हुनुपर्छ भन्ने मान्यता लैङ्गिक अध्ययनमा पाइन्छ । पुरुष सत्ताप्रति लक्षित 'भत्काऊ र बदल' भन्ने क्रिस बिल्सेको भनाइलाई त्रिपाठीले उल्लेख गरेकी छन् - "परम्परागत विचार ऊनको स्वेटर हो, त्यसलाई नफ्याँक, बरु त्यसलाई उधार र फेरि धेरै वटा स्वरूपमा पटक पटक बुन"( त्रिपाठी, २०६८, पृ. २१३) । विशेषगरी दास युगबाट सुरु भई कृषि युगमा झाङ्गिएको पितृसत्ताको प्रभाव अहिलेसम्म पनि कायम छ । मिसेल फुकोको 'सङ्कथन र सत्ता', डेरिडाको 'भिन्नता र विपठन' तथा उत्तर

आधुनिकतावादीहरूले पितृसत्तालाई विनिर्माणका कोणबाट व्याख्या गरेका छन् ।

हारजित कथामा पितृसत्ताको सघनता देखिन्छ । आफ्नी श्रीमतीलाई पुरुषले अधीनमा राख्नुपर्ने, महिलाले केही कुरा बोले पनि त्यसलाई पुरुषले वास्ता गर्न नहुने तथा उनीहरूलाई घरभित्र नै सीमित राख्नुपर्ने सन्दर्भलाई घुरहु महतोले अलगुवा महतोलाई भनेको भनाइबाट पुष्टि हुन्छ - "यस्तो बेइज्जती खप्नु नै कसरी ? तर अलगु, तेरो छोराको पनि कम्ती दोष छैन है, स्वास्नीलाई आफ्नै अधीनमा करबलमा राख्नुपर्दछ । आइमाईको जात, त्यस गोज्याङ्ग्राको बिहा नै किन गरेको थिइस् ? सुन जस्तोलाई माटो पारिदिएर यो दिन पनि गाउँलाई हेर्नु पऱ्यो " (भिक्षु, २०५७, पृ.५२) । घुरहु महतोको यस भनाइमा पितृसत्ताको प्रभाव बलियो रहेको देखिन्छ । पुरुषको शारीरिक र मानसिक समस्यालाई पितृसत्ताले दोष नदेख्ने तर महिलाको कुनै दोष नभए पनि दोष भएको देखाउने पितृसत्ता कथामा हाबी भएको पाइन्छ । घुरहु महतोले पनि आफ्नो प्रतिष्ठाका लागि आफ्नै छोरीको विचार नबुझी रतियालाई आफ्नो निर्णयअनुसार मनोहर महतोको घरमा मजुरीका लागि पठाउँछ । यसबाट पनि महिलामाथि कसरी घर, परिवार र समाजमा हिंसा हुन्छ भन्ने कुरा स्पष्ट देखिन्छ ।

पितृसत्तामा पुरुषहरूले सम्पत्तिको उपयोग गर्ने मात्र नभई त्यसको सुविधा र ऐस आराममा पनि आफूलाई माथि पारेका हुन्छन् । कथामा अलगुवाको छोराले घरपरिवार र खेतीपातीको केही काम नगर्ने, उल्टै आफ्नी दुलहीलाई बिना कारण भकुर्ने गरेको छ । यसको विपरीत अलगुवाकी बुहारी सोनवाले घरको, खेतीपातीको, गोठको काम सबै गरेकी छ । ऊ बाहुन क्षत्रीकी छोरी बुहारीजस्तै राम्री छ । केटी हेर्न, विवाह गर्दा आँगन पोलेर साथै पञ्चैबाजा बजाएर पनि भित्र्याइएको छ । यसो हुँदा हुँदै पनि अलगुवाको छोराले स्वास्नीलाई कुटेर घरमा बस्न दिँदैन । यसको साक्ष्य अलगुवाले घुरहु महतोलाई भनेको भनाइबाट स्पष्ट हुन्छ :

> काका ! मैले पनि यो कुरा नसम्झेको होइन, बुहारी त लक्ष्मी नै थिई । बिहान, बेलुका भाँडा माझ्नु, गोठघारीको गोबर काढ्नुदेखि लिएर खेतमा मल पाट्नु, रोप्नु, काट्नु जम्मै काममा त्यो घरको मरदसर्वागभन्दा कम्ती थिइन । बिहा गरेर ल्याएदेखि नै मेरो घरमा बरकतबढ्तीको बाढी नै आएको कुरा नमानी सुख छैन । राम्री पनि कत्तिकी ! कुनै बाहुन क्षत्रीकी छोरी बुहारी नै हो कि जस्ती ! तर काका, छोरालाई मारेर फाल्नु भएन । छोरो नै नरहे बुहारी केका लागि ? राम्रो, नराम्रो, भलाद्मी, लुच्चो, जस्तो भए पनि अँगाल्नै पर्छ तर यो बेइज्जती खप्नु कसरी ? (भिक्षु, २०५७, पृ. ४२)

अलगुवाको यस भनाइबाट छोराको महत्त्व बुहारीको भन्दा बढी देखाइएको छ । समाजमा छोरा नै सर्वेसर्वा हो, छोरा नै सबै थोक हो, छोरा भएपछि मात्र बुहारी भन्ने चिन्तन देखिन्छ । यसबाट नेपाली समाजको तत्कालीन पितृसत्ता स्पष्ट झल्किएको छ ।

## पुलिङ्गता

लैङ्गिक अध्ययनभित्र पुलिङ्गतालाई पनि हेरिन्छ । यसले समाजमा पुरुष र महिला दुवैको समानताको विषये उठाउँछ । सन् १९८० को दशक दशकपछि पुलिङ्गतालाई महत्त्व दिन थालिएको हो (शर्मा, २०७८, पृ. ४६) । पुँजीवादी समाजमा महिलाहरूले मात्र होइन, पुरुषहरूले पनि विभिन्न समस्या भोगिरहेका छन्, तिनका विषयलाई उठाउनुपर्छ भन्ने अवधारणा पुलिङ्गता हो । पुलिङ्गता पुरुषसँग सम्बन्धित पहिचानगत अवस्था हो, जसले सांस्कृतिक विशेषतालाई संवहन गर्छ (बार्कर, सन् २०००, पृ. ११६) ।

यसबाट महिलाहरू मात्र होइन, कतिपय समाजमा पुरुष कमजोर र महिलाद्वारा दबाइएको अवस्था छ। त्यसको खोजी र समाधान हुनुपर्छ भन्ने मान्यता यसमा पाइन्छ।

हारजित कथामा अलगुवाको छोरो गोज्याङ्ग्रो छ। उसले कमाइ गर्न सकेको छैन। उसको शिक्षादीक्षाको अवस्था पनि राम्रो देखिँदैन। यसबाट ऊ समाजमा अपहेलित छ, घरपरिवारबाट पीडित छ र आफ्नी दुलहीले समेत मुखले नभने पनि मनले खुबी नभएको ठान्न पुगेकी छ। अलगुवाकी बुहारीले घर छोडेर हिँड्नुको पछाडि पनि बुहारीको यही मनोविज्ञान देखिन्छ। पुरुषले परम्परागत रूपमा बलको काम गर्नैपर्ने, घर छोड्नै पर्ने, कमाइ गर्नैपर्ने, सम्पत्ति कमाउनै पर्ने, जोधाहा हुनैपर्ने, रुन, बिलौना गर्न नहुने मान्यताले पुरुषहरू आत्महत्या तथा मध्यपानको कुलतमा फसेका छन्, उदासीन भई बाँचेका छन्, यसले गर्दा पुरुषहरूको घरायसी जीवन, सञ्चार, महिला र बालबालिकाहरूको सम्बन्धबाट विमुख हुनुपरेको छ (शर्मा, २०७८, पृ. ४६)। अलगुवाको छोरो गोज्याङ्ग्रो भएको र उसले इलम गर्न नसकेका कारण नै उसको परिवारमा कलह आएको छ। हरेक महिलाले आफ्नो पुरुष आकर्षक र बलियो देख्न चाहन्छन् तर अलगुवाको छोरो न आकर्षक छ न बलियो। यसकारण पनि ऊ आफ्नै शरीरबाट ठगिन पुगेको छ र आफू आफ्नी स्वास्नीबाट टाढिन नपुगेको छ। यसबाट पुरुष भइकन पनि अलगुवाको छोरो पीडित देखिन्छ। उसले आफ्नो अधिकार रक्षाका लागि सङ्घर्ष गर्न सक्दैन, बरु उल्टै आफू विक्षिप्त बनी स्वास्नीलाई कुट्न पुग्छ।

समाजमा महिलालाई कमजोर र कोमल हृदय भएको व्यक्तिका रूपमा लिइन्छ। त्यसैले कुनै पुरुषले आँसु झारेमा उसलाई महिलासँग दाँजेर उसको खिल्ली उडाउने गरिन्छ (नेपाली, २०८०, पृ. ३९)। अलगुवाकी बुहारी सोनवा, गाउँको सम्पन्न मनोहर महतोका घरमा शरण लिन पुगेको घटनाको समाधानका लागि घुरहु महतो आँगनमा पञ्चायत बस्छ। यही क्रममा अलगवा महतोले निराश अनुहार लगाएर आफ्नो व्यथा राख्ने क्रममा ऊ रुन थाल्छ। यही रुवाइलाई उपहास गर्दै बदरियाले भन्छ - “आइमाई जस्तो सुँक्कसुँक्क के गरेको ? भन्ने कुरा कुरा भने त भइहाल्छ नि” (भिक्षु, २०५५, पृ. ४८) ! बदरियाको यस भनाइबाट पनि महिलाहरू पुरुषका सधैं दास हुन्, उनीहरू कमजोर हुन्छन्, कुनै समस्या आयो भने रुने, कराउने गर्छन् भन्ने मानसिकताको प्रतिबिम्बन व्यक्त गरिएको छ। पुरुषहरू महिलाजस्तो कमजोर हुनुहुँदैन भनेर पनि पितृसत्तात्मक समाजमा पुरुषलाई समर्थन गरिएको छ।

पुरुषका दमित आवाज, पहिचान र प्रतिनिधित्वको खोजी गरी लैङ्गिक भिन्नता तथा द्विचरविरोधी सन्दर्भको अध्ययन पुलिङ्गतामा गरिन्छ। हारजित कथामा पनि अलगुवाको छोरो र बुहारीका द्विचरविरोधी विषयको अध्ययनलाई पुलिङ्गता र नारीवादी आधारमा हेरिएको छ। मार्क्सवादीहरूले पुलिङ्गतालाई पुँजीवादी समाजको विषयका रूपमा लिएका छन् तर पुलिङ्गता उदार तथा समाजवादी समाजमा पनि देखिन्छ किनकि पुलिङ्गतासँग सम्बन्धित समस्या आर्थिक मात्र नभई सांस्कृतिक र मनोवैज्ञानिक पनि हुन्छन् (भट्टराई, २०६८, पृ. २६९)। अतः पुलिङ्गताले पुरुषका विविध अवस्थाका सन्दर्भमा राजनीतिक सङ्घर्षको क्षेत्र र निर्मितिमूलक सङ्कथनात्मक प्रस्तुतीकरणलाई समेट्छ। हारजित कथामा पुलिङ्गताका विविध पक्षको चित्रण नगरिएको भए पनि सूक्ष्म पक्षको चित्रण भएको देखिन्छ।

### *सामाजिक लिङ्गभेद*

लैङ्गिकता अध्ययनको एक प्रतिमान सामाजिक लिङ्गभेद पनि हो। सामाजिक लिङ्गभेदलाई कहीँ पुलिङ्गता, कहीँ नारीवाद र कहीँ पितृसत्तासँग पनि जोडेर अध्ययन गरिएको देखिन्छ। महिला, पुरुष र अन्य लिङ्गीहरूका विषयमा समाजले बनाएको साझा दृष्टिकोणलाई सामाजिक लिङ्गभेदका रूपमा लिइन्छ (शर्मा, २०७८, पृ. ४४)। यस्तो साझा धारणा संरचनागत रूपमा मौलाएको हुन्छ र सामाजिक रूपमा स्वीकार गरिएको पनि हुन्छ।

हारजित कथा सामाजिक लिङ्गभेदका दृष्टिले प्रबल देखिन्छ। समाजमा छोरी बुहारी अनुशासित र नरम शीलस्वभाव भएको हुनुपर्छ। चरित्रहीन हुनु हुँदैन, विवाह गरेर ल्याएपछि आफ्नो समाजको रीतिरिवाजअनुसार चल्नुपर्छ, महिला आफ्नो विचार, इच्छा वा आकाङ्क्षाअनुसार नचलेर घरपरिवार र समाजअनुसार चल्नुपर्छ भन्ने मान्यता कथामा देखिन्छ। घुरहु महतोले मनोहर महतोलाई भनेका यी भनाइबाट पनि यही तथ्य स्पष्ट हुन्छ :

> मनोहर भाइ ! कुरा आज मजुरीको होइन, कुरा छोरी बुहारीको हो, जुन सोनवा तपाईंकहाँ बसिछ, त्यो मजुरी गर्न आएकी होइन। पोइसँग झगडा गरी गएकी छ। झगडा लडाइँ सबैकहाँ हुन्छ, छोरीबुहारी रिसाएर एकछिनका लागि घर छाड्ने धम्की देखाउँछन् तर गाउँको चलन यही हो कि रिसाएर आएकी गृहस्थीलाई सम्झाई बुझाई उसको घरमा लगी घरवालालाई पनि हपारी सुम्पन्छन्। यो मान मर्यादाको कुरा हो, दुवै पक्षको बडप्पन र भलाइपन यसमा बाँच्छ, पलाउँछ। आज पनि त्यही कुरा आएको छ। गाउँमा अझसम्म चलिआएको कुरालाई यदि लत्याउनु हुन्छ भने तपाईंले भन्नुपर्छ कि गाउँकी छोरी बुहारी बेस्या पतुरिया (नाच्ने) हुन् भन्न सक्नुहुन्छ यी कुरा ..? (भिक्षु, २०५७, पृ. ५१)

घुरहु महतोको यस भनाइबाट सामाजिक लिङ्गभेद स्पष्ट देखिन्छ। सामाजिक लिङ्गभेदले धेरै हदसम्म सामाजिक व्यवस्थालाई प्रतिबिम्बन गरेको हुन्छ। कुनै समाजमा यो बढी र कहीँ कम पनि पाइन्छ।

नारी र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन् र एउटै पैसाका दुई पाटा हुन्। विवाह गर्दा आँगन पोलेर तथा भगवान सम्झेर ल्याउने र घरमा आएपछि स्त्रीले श्रीमानलाई ईश्वरसरह मान्नुपर्ने हाम्रो परम्परागत मान्यता कथामा चित्रण गरिएको छ। नारीले आफ्नो निर्णयलाई भन्दा पुरुषको निर्णयलाई स्वीकार गर्नुपर्छ (नेपाली, २०८०, पृ. ३९)। लोग्ने स्वास्नीका बिचमा कहिलेकाहीँ झगडा हुन्छ नै तर पनि सानोतिनो विवादका कारण घर छोड्न हुँदैन। यसबाट हाम्रो घरपरिवार र समाजलाई नराम्रो सन्देश जान्छ भन्ने तथ्य कथामा पाइन्छ। घुरहु महतोका आँगनमा पञ्चायत बस्नु अघि महतिनीले तयफवासँग सोनवाका बारेमा गरेको संवादले यही तथ्यलाई पुष्टि गर्छ :

> तयफवा जुग पल्टेछ। छोरी बुहारी त मरदपट्ठाका कान काट्ने पो भए। मेरी छोरी बुहारी भए भुतहवा तालमा लगेर बोरिदिन्थेँ तर हेर न अलगुवाको चाला, चारैतिर नालिस गर्दै गुहार लगाउँदै घुमिरहेछ। मान्दछु कि सोनवा जङ्गरेत (जाँगरिली) थिई। घरखेतको काम धन्दामा त ऊ जस्ती दरिली, बलियी गाउँमा को होली ? तर कामधन्दा त सोनवा नभएको घरमा पनि त चल्छ। पिट्यो भने पिट्यो। सिन्दुर हालेर ल्याएकी स्वास्नी नै त हो नि ! लोग्नेले कहिले पिट्छ त कहिले काखमा पनि बसाल्छ। तर यसले त अचाक्ली नै गरी। (भिक्षु,२०५७, पृ. ४४-४५)

महतिनीको यस भनाइले सामाजिक लिङ्गभेद स्पष्ट देखिन्छ । नारीले धेरै बोल्न नहुने, पतिको अधीनमा बस्नुपर्ने, लोग्नेले स्वास्नीलाई बिनाकारण पिटे पनि दबिएर बस्नुपर्ने तथा स्वास्नीले लोग्नेप्रति कुनै प्रतिक्रिया देखाएमा फलानाकी बुहारी बिग्रिछ भन्ने जस्ता सामाजिक मान्यताहरूले सामाजिक लिङ्गभेदलाई प्रतिबिम्बन गरेका छन् (पौडेल, २०५८, पृ. २१९) । समाजका हरेक नागरिकहरू सामाजिक मूल्य मान्यतामा रहनुपर्ने र त्यसमा दायाँबायाँ गरेमा सामाजिक संरचना भत्किने सन्दर्भ पनि यही सामाजिक लिङ्गभेदका उदाहरण हुन् ।

### *शरीर राजनीति*

शरीर राजनीति महिलाको व्यक्तिगत विषयसँग सम्बन्धित छ । महिलाको शरीरमा महिलाकै अधिकार हुनुपर्छ र पुरुषको अधीनता तथा शोषणबाट मुक्त हुनुपर्छ भन्ने मान्यता शरीर राजनीति हो । मूलतः आमूल (उग्र) नारीवादले शरीर राजनीतिलाई केन्द्रमा राख्छ भने समग्र नारीवादले शरीर राजनीतिलाई महत्त्व दिन्छ (शर्मा, २०७८, पृ. ४७) । आफ्नो शरीरको उपयोग आफ्नै इच्छा चाहना र आकाङ्क्षाअनुसार गर्न पाउनुपर्छ । यौन चाहना, विवाह, सम्बन्ध विच्छेद, रजस्वला, गर्भधारण, परिवार नियोजन जस्ता कुरा गर्ने वा नगर्ने, आमा बन्ने वा नबन्ने जस्ता कुराहरूमा निर्णय लिन महिला स्वतन्त्र हुनुपर्छ । यी कुराहरू उसका शरीरसँग सम्बन्धित निजी विषय हुन् भन्ने मान्यता यसमा पाइन्छ । यसका साथै कस्तो विषय पढ्ने, कस्तो जागिर खाने, कस्तो जीवनशैली बिताउनेजस्ता यावत विषयमा नारी स्वतन्त्र भई निर्णय लिन पाउनुपर्छ । पुरुष वा अरु कसैको ठाडो हस्तक्षेप हुनुहुँदैन (पौडेल, २०५९ पृ. ८३) भन्ने मान्यता नारीवादअन्तर्गत शरीर राजनीतिका केन्द्रीय कथ्य हुन् । अतः नारीवादी चेतनाका दृष्टिले शरीर र राजनीति व्यक्तिगत विषयका रूपमा देखापर्छ । व्यक्तिगत नै राजनीति हो भन्ने मूल मान्यताका साथ यसले आफ्नो शरीरको अधिकार आफूमा नै हुने मान्यता राख्छ ।

हारजित कथामा अलगुवाकी बुहारी सोनवा शरीर राजनीतिको भूमिकामा रहेकी छ । अलगुवाको घर, खेतबारी, गोठमा काम गरेर अलगुवाको घरपरिवारलाई निकै सजिलो बनाएकी आफ्नी बुहारीलाई छोरोले पिटेपछि सोनवा आफ्नो घर छोडेर मनोहर महतोका घरमा गएर बसेकी छ । मनोहरको छोराले सोनवालाई फकाएर आफ्नो बनाउन खोजे पनि सोनवाले उसको प्रस्ताव स्वीकार गरेकी छैन । उसले विचारमा परिवर्तन ल्याएकी छैन । यहाँनेर सोनावाले आफ्नो शरीर सुरक्षित राख्न आफ्नै भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने कुरा विचार गरेको देखिन्छ । यस तथ्यलाई घुरहु महतोसमक्ष बदरियाले खोलेको सन्दर्भले थप स्पष्ट पारेको छ :

> के को विचार हो हँ ? थाहै नपाएझैँ काकाले पनि सोधे । काका ! त्यही हो, सोनवा (अलगुवाकी बुहारी) मनोहरकहाँ गई बसेकी छे । मनोहरको छोराले नै उसलाई आफ्नै घरमा पाएर फकाउन थालिरहेछ, सोनवाले चाहिँ अहिले मानेकी छैन । उसको रटन यति मात्र छ कि - मेहनत मजदुरी जतिसुकै गराएर खान देऊ, मेरो सत् नबिगार । गोज्याङ्ग्रे भए पनि, यसै गाउँमा हात्तीझैँ लोग्ने उभिरहेको छ ... भन्छे । तर काका एउटी जवान आइमाई कहिलेसम्म बाँच्छे !
> (भिक्षु, २०५७, पृ. ४३)

बदरियाले काका घुरहु महतोसमक्ष सोनवाका बारेमा भनेको सन्दर्भले सोनवाको शरीर राजनीतिक दृष्टिकोण स्पष्ट हुन्छ । यहाँनेर सोनवाले गरेका विचार र निर्णयहरू वर्तमान उत्तर आधुनिकतावादी नारीहरूले गरेको शरीर राजनीतिसँग नजिक छ (शर्मा, २०७८, पृ. ३०) ।

तर सोनवाको भूमिका आमूल नारीवाद वा उग्र नारीवादको तहसम्म पुग्न सकेको भने देखिँदैन। यसो भए तापनि पुरुषप्रधान समाजमा सोनवाले खेलेको क्रान्तिकारी भूमिका नारीवादी वा लैङ्गिक आन्दोलनका क्षेत्रमा महत्त्वपूर्ण देखिन्छ।

## निष्कर्ष

पाश्चात्य तथा नेपाली साहित्य समालोचनाका पछिल्ला दिनहरूमा लैङ्गिक अध्ययनले प्रवेश पाएको देखिन्छ। यसपूर्व नारीवादले लैङ्गिक अध्ययनलाई अगाडि बढाइरहेका सन्दर्भमा सामाजिक लिङ्गभेदको अवधारणा सन् १९८० को दशकबाट प्रारम्भ भएको पाइन्छ। नेपालमा २००७ साल, २०४६ साल तथा २०६२ / ६३ सालको परिवर्तनले लैङ्गिक सचेतनाको निर्माण र अध्ययनमा सहयोग पुगेको छ। महिला तथा अल्पसङ्ख्यक सीमान्तीकृत, तेस्रोलिङ्गी र कतिपय पुरुषका पहिचान, प्रतिनिधित्व र आवाजको खोजी साहित्य समालोचनाका माध्यमबाट भएको पाइए पनि तिनको स्वतन्त्र पहिचान, विद्रोह र प्रतिरोधी चेतनाको अभिव्यक्ति भने साहित्य समालोचनाले सशक्त रूपमा अभिव्यक्त गर्न सकेको पाइँदैन। अर्कातिर हाम्रो समाजमा विद्यमान पछौटेपन, राजतन्त्रात्मक व्यवस्था तथा पितृसत्ताको चर्को दबदबाका कारण महिला तथा पुरुषले उन्मुक्त रूपमा आफ्नो लेखनलाई लैङ्गिकमैत्री बनाउन सकेका छैनन्। यसो भए तापनि समकालीन समयमा लैङ्गिक अध्ययनका क्षेत्रमा नयाँ परिवेशको निर्माण भइरहेको छ।

लैङ्गिक अध्ययनको यही सन्दर्भमा भवानी भिक्षुको हारजित कथालाई यस अध्ययनमा लैङ्गिक कोणबाट निरूपण गरिएको छ। अध्ययनमा वर्णन गरिएका आधार (नारीवाद, पितृसत्ता, पुलिङ्गता, सामाजिक लिङ्गभेद तथा शरीर राजनीति) का अतिरिक्त हारजित कथालाई लैङ्गिक भाषा र उत्पादनका साधनमाथिको पहुँचका कोणबाट पनि अध्ययन गर्न सकिन्छ। यहाँ उल्लेख गरिएका पछिल्ला दुई आधार प्रस्तुत अध्ययनका सीमा हुन्। कथामा नारीवाद र पुलिङ्गता तथा सामाजिक लिङ्गभेदको अवस्था सबल देखिन्छ। कथामा नारीहरूको पहिचान र प्रतिनिधित्व भए पनि उनीहरूको आवाज सशक्त बन्न सकेको पाइँदैन। यसर्थ उनीहरूका प्रतिरोधी भावना र सशक्तीकरणका पक्षहरू कमजोर देखिन्छन्। लैङ्गिक अध्ययनमा रुचि राख्नेहरूका लागि प्रस्तुत अध्ययन सहयोगी बन्न सक्ने देखिन्छ।

## सन्दर्भ सूची

उप्रेती, सञ्जीव (२०६९), *सिद्धान्तका कुरा,* अक्षर क्रिएसन।

ढकाल, रजनी (२०७०), सांस्कृतिक अध्ययनमा लैङ्गिकता, *भृकुटी,* सम्पा. लिखत पाण्डे र अन्य, भाग १९, असार, पृ. ३२६-३३३।

त्रिपाठी, सुधा (२०६८), पाश्चात्य नारीवाद र त्यसको स्वरूप, *रत्न बृहत् नेपाली समालोचना,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार, पृ.२०८-२२३ ।

त्रिपाठी, सुधा (सन् २०१३), *नारीवादी सौन्दर्य चिन्तन,* भृकुटी एकेडेमिक पब्लिकेसन्स।

नेपाली, ज्योति (२०८०), *माध्यमिक नेपाली पाठ्यपुस्तकमा राखिएका कथाहरूमा लैङ्गिकता,* [अप्रकाशित स्नातकोत्तर शोधपत्र], नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* नेपाल प्रज्ञा प्रतिष्ठान।

पौडेल, खुमलाल (२०५८), *अनिवार्य नेपाली,* ओजन बुक्स एन्ड स्टेसनर।

पौडेल, तुलसीराम (२०५९), *लैङ्गिक अध्ययनको रूपरेखा* (दोस्रो संस्करण), निमा पुस्तक प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०६९), *नारीवादी सिद्धान्त र नेपाली उपन्यासमा यसको प्रारम्भिक रूप,* सिर्जनशील लोकतान्त्रिक प्रतिष्ठान ।

बार्कर, क्रिस (सन् २०००), *कल्चरल स्टडिज,* एसएजिइ ।

भट्टराई, रमेशप्रसाद (२०६८), लैङ्गिक समालोचना, *रत्न बृहत् नेपाली समालोचना,* सम्पा. राजेन्द्रसुवेदीर लक्ष्मणप्रसाद गौतम, रत्न पुस्तक भण्डार, पृ. २५९-२७३ ।

भासिन, कमला (सन् २०००), *अन्डरस्ट्यान्डिङ जेन्डर,* पाउल्स प्रेस ।

भुसाल, शान्ति पोखरेल (२०७६), विकासमा लैङ्गिकता : एक विश्लेषण, *प्राज्ञमञ्च,* ३२,(१६), ३६८-३७३ ।

भिक्षु, भवानी (२०५७), *मैयाँ साहेब* (चौथो संस्करण), साझा प्रकाशन ।

मिलेट, केट (सन् १९७७), *सेक्सुअल पोलिटिक्स,* भिरागो ।

शर्मा, विष्णुप्रसाद (२०७८), *उत्तरवर्ती साहित्य सिद्धान्त : प्रवृत्ति र प्रयोग,* हिमालय प्रकाशन प्रा.लि. ।

साउद, भरतकुमार (२०७०), क्विअर सिद्धान्त र सांस्कृतिक अध्ययन, *भृकुटी,* भाग १९, असार, पृ.११४-२०३ ।